# माननीय अर्थराज्य मन्त्री डा.रुपज्योतिज्यू द्वारा २०६२ माघ २४ गते जारी गरीएको प्रेश विज्ञप्ति

इन्टिच्यूट फर डेभलपभेण्ट स्टडिजद्धारा सार्वजनिक गरिएको भनिएको एक प्रतिवेदनको हवाला दिंदै केही संचारमाध्यममा मुलुकको अर्थतन्त्रका वारेमा सर्वसाधारणलाई त्रसित गर्न भ्रम फैलाउने उद्देश्य राखी गरिएको अनर्गल दुष्प्रचारका सम्वन्धमा अर्थ मन्त्रालयको ध्यान आकर्षित भएको छ ।

श्री ५ को सरकारको वित्तिय स्थिति डामाडोल रुपमा छ र गत २०६२ माघ १ गते जारी गरिएको आर्थिक अध्यादेशले यसलाई अझ डरलाग्दो स्थितिमा पुऱ्याएको कारण समेतका आधारमा आगामी बैशाख–जेष्ठतिर श्री ५ को सरकार टाटै पल्टन सक्ने स्थिति छ भनी विना कुनै ठोस आधार नभई केवल राजनैतिक पूर्वाग्रह राखी हचुवा र मनगढन्ते रुपमा तयार गरिएको भनिएको प्रतिवेदनको सत्यताप्रति कुनै भरपर्दो आधार नभएकोले खण्डन गरिन्छ ।

दशौं पञ्चवर्षिय योजनाले परिलक्षित गरेको गरिवी निवारण गर्ने मूलभूत लक्ष्य प्राप्तिलाई केन्द्रविन्दु बनाई तथा २०६२ साउन १ गते जारी भएको आर्थिक अध्यादेशको निरन्तरता स्वरुप खासै नीतिगत पक्षहरुमा कुनै हेरफेर नगरी २०६२ माघ १ गते प्रचलित व्यवस्था अनुरुप आर्थिक अध्यादेश जारी भएको सबैमा विदितै छ । अर्कोकुरा यस अध्यादेशद्वारा मूल्य अभिवृद्धि करलाई राजश्वको मुख्य श्रोतको रुपमा स्थापित गर्ने ध्येय राख्नुका साथै न्यूनविजकीकरण र चोरी पैठारी नियन्त्रण समेतका लागि नेपालले विश्व व्यापार संगठन, विमेष्टेक र साफ्टामा गरेको प्रतिवद्धता पूरा गर्ने सन्दर्भमा केही वस्तुमा भन्सार दरवन्दी मिलान गरिएको हो । यसरी मिलान गरिएको भन्सार दरवन्दी तथा आर्थिक अध्यादेशले अवलम्बन गरेका अन्य विविध व्यवस्थाहरुको कारण राजश्व असूलीमा सकारात्मक असर पर्ने पक्का नै छ ।

चालू आर्थिक वर्षको प्रथम ६ महिनाको राजश्व असूली रु ३१ अरब ५८ करोड ४९ लाख रहेको छ, जुन गत आ.ब.को सोही अवधिको असूली रु २९ अर्व ८३ करोड ४८ लाखको तुलनामा रु. १ अरब ७५ करोडले बढी छ । अर्को कुरा चालू आ.ब.को हालसम्ममा भारतीय अन्तशुल्क फिर्ता बापत कुनै रकम प्राप्त भै सकेको छैन । यो रकम प्राप्त हुदाका वखत राजश्व असुलीको स्थिति अझ बढी राम्रो देखिने अवस्था छ ।चालु आ.व. मा यस्तो रकम रु. २ अर्व ३२ करोड प्राप्त हुने लक्ष्य राखिएको छ ।

चालु आ.व. को हालसम्मको अवधिमा (माघ १४ गते) नेपाल राष्ट्र बैंकबाट रु ४७ अर्व ८६ करोड ३७ लाख निकाषा भै गएको छ भने सो मध्ये रु ४० अर्व ३० करोड ४३ लाख भुक्तानी भएको छ । यी सबै क्रियाकलापहरु चालू आर्थिक बर्षको विनियोजित बजेट र त्यसले अवलम्वन गरेका मापदण्ड भित्र नै रहेको कुरा समेत स्पष्ट गरिन्छ । यसै अवधिमा बैदेशिक सहयोग तर्फ रु. ७ अर्ब ८८ करोड ६४ लाख प्राप्त भएको छ । जबकी गत आ.ब.को सोही अवधिमा प्राप्त हुन आएको बैदेशिक सहायता रु ४ अर्व ९३ करोड ११ लाख को तुलनामा चालु आ.ब.को हालसम्ममा रु २ अर्ब ९५ करोड ५३ लाख बढी बैदेशिक सहायता प्राप्त भएको कुरा नेपाल राष्ट्र बैंक को तथ्यांकमा उल्लेखित छ । यसबाट श्री ५ को सरकार आफ्नो निर्धारित लक्ष्य हासिल गरी मुलुकको अर्थतन्त्रलाई स्थिरता प्रदान गर्न सक्षम रहेको कुरा स्पष्ट नै हुन्छ ।

यसरी राजश्व असुली, विनियोजित बजेटको खर्च स्थिति र बैदेशिक सहायता प्राप्तिको स्थिति पूर्णत सन्तोषप्रद रहेको कुरा तथ्यांकले प्रमाणित गरिसकेको छ । अर्कोकुरा नेपाल राष्ट्र बैंक संग भारतीय मुद्राको संचिति पनि स्वाभाविक स्थितिमा रहेको छ र भारतीय रिजर्भ बैंकबाट नेपाल राष्ट्र बैंकले कुनै पनि ऋण प्राप्त नगरेको र लिनुपर्ने परिस्थिति समेत नरहेको कुरा समेत स्पष्ट गरिन्छ ।

उक्त संस्थाले प्रकाशित गरिएको भनिएको उक्त प्रतिवेदनमा बार्षिक मूद्रास्फितिको दर २७.७ प्रतिशतसम्म पुग्ने प्रक्षेपण स्वयंमा तथ्य एवं आधारहिन देखिन्छ । जवकी नेपाल राष्ट्र बैंकले

वास्तविक तथ्यांकको आधारमा आफ्नो प्रक्षेपण अनुसार बार्षिक औषत मुद्रास्फितिको दर ७ प्रतिशतमा मात्र सिमित रहने व्यहोरा सार्वजनिक गरिसकेको छ ।

हाल श्री ५ को सरकारको नगद संचिति रु. २ अर्ब ९३ करोड ७८ लाख रहेको छ । यसै गरी नेपाल राष्ट्र बैंकमा रु. १ खर्व ४६ अर्व ११ करोड ५४ लाख बराबरको विदेशी मुद्रा संचिति रहेको छ । यो संचितिले करिव १० महिनाको पैठारीलाई थेग्न सक्दछ ।

अर्कोकुरा चालू आ.ब.को हालसम्मको अवधिमा श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसंग रु. ३ अर्ब १३ करोड ५० लाख आन्तरिक ऋण लिएको छ, जबकि चालू आ.ब.को श्रावण १ गते जारी भएको आर्थिक अध्यादेशले रु. ११ अर्ब ८५ करोड बरावरको आन्तरिक ऋण प्राप्त गर्न सक्ने प्रावधान रहेकोमा आन्तरिक ऋण उठाउन प्रशस्त वांकी रहेकोले नगदको अभाव हुने अर्थात् आर्थिक रुपमा सरकार टाट पल्टने कुरो सवैभन्दा खराव स्थितिमा पनि कल्पना भन्दा वाहिरको अवस्था रहेको स्पष्ट नै हुन्छ । यसरी श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट हालसम्म अत्यन्त न्यून मात्र आन्तरिक ऋण लिएबाट पनि मुलुकको आर्थिक स्थिति स्वाभाविक रहेको कुरा सामान्य भन्दा सामान्य अर्थशास्त्रको दृष्टिकोणबाट पनि प्रमाणित हुने कुरा स्पष्ट गरिन्छ ।

रेमिटयान्स प्राप्तिको वर्तमान र भविष्यको स्थिति पूर्णत सकारात्मक छ । जबकी उक्त प्रतिवेदनमा रेमिटयान्स घटदै गएको, युवाहरु विदेश पलायन भएको र यसबाट आर्जित रकमलाई नराम्रो रुपमा चित्रित गरिएको छ भन्ने कुरा उल्लेखित गरी समाचारपत्रहरुमा प्रकाशित समाचारहरु सरासर गलत छन् । जबकी भारत, श्रीलंका, बंगलादेश र फिलिपिन्स जस्ता मुलुकहरुको उदाहरण लिदा ती मुलुकहरुको राष्ट्र निर्माणमा रेमिटयान्स ले उल्लेख्य योगदान पुऱ्याएको छ र यस कुरालाई ती मुलुकहरुले गर्वको विषयका रुपमा लिएबाट नेपाली युवाले प्राप्त गरेको बैदेशिक रोजगारीको अवसरलाई खराव वा असभ्य भन्नु मनासिव हुने देखिदैन ।

जहासम्म प्रतिव्यक्ति आय घटेको तथा गरिबी बढेको जस्ता तथ्य विपरित आधारहिन कुराहरु प्रतिवेदनमा उल्लेखित छन् भनी पत्र पत्रिकामा छापिएका कुराहरुमा समेत कुनै सत्यता रहेको देखिदैन ।

सरसर्ती पत्र पत्रिकाहरुमा उल्लेखित प्रतिवेदनको हवाला दिदैं छापिएका समाचारहरुमा लेखिएका कुराहरुलाई अध्ययन गर्दा प्रतिवेदन तयारकर्ताको सोचाई र दृष्टिकोण सनसनी फैल्याउने मात्र रहेको देखिन्छ । यसैगरी प्रतिवेदकको जानकारी र प्रयोगहुन आएको तथ्यांकहरु पनि वास्ताविकतामा आधारित नभएको र कपोलकल्पित रहेको छ । यस्ता तथ्यांकका आधारमा सबैभन्दा खराव स्थितिलाई चित्रित गर्नेगरी गरिएको विश्लेषणबाट तयार भएको प्रतिवेदनले सत्यकुरा प्रकाशित गर्न नसक्नु स्वाभाविकै हो ।

यसैगरी उक्त प्रतिवेदनमा उपभोक्ताहरुले वढि सामान संचिति गर्ने प्रवृति देखापरेको कारण विक्रेताहरुले पनि उच्च मुल्यमा वस्तुहरु विक्री गर्ने गरेको कारण मुल्य वृद्धि हुदै गएको छ भनी पत्र पत्रिकामा छापिएका कुराहरुलाई मनन गर्दा यदि यस्तै भएमा पनि सैद्धान्तिक रुपमा नेपालको वर्तमान विदेशी विनिमय नीति अनुसार मुल्य वृद्धि हुने नभई मुद्रा संचितिमा मात्र कमि आउने अवस्था देखापर्ने हुन्छ । अर्कोकुरा तथ्यांकहरुलाई केलाउदा ग्राहस्थ प्रयोगका लागि मालवस्तुको संचितिबाट मुल्य वृद्धि भएको नभई भारतीय वजारमा देखापरेको मुल्य बृद्धि, विशेषगरी पेट्रोलियम पदार्थको मुल्यले नेपालमा पनि मुल्य बृद्धि गर्न सहयोग पुऱ्याएको कुरा नेपाल राष्ट्र बैंकले सार्वजनिक गरिसकेकै छ र यसरी नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकले श्री ५ को सरकारले प्रक्षेपण गरेकै सिमा भित्र मात्र मुल्य बृद्धिको स्थिति देखिएको कुरा समेत प्रष्ट गरिन्छ । यसर्थ पत्र पत्रिकामा छापिएका दृष्टिकोणहरु नितान्त अर्थशास्त्रिय दृष्टिकोणबाट भन्दा राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएको प्रष्ट हुन्छ ।

अन्तमा, मुलुकको अर्थतन्त्र सहज एवं लक्ष्य अनुरुप गतिशील रुपमा अगाडि बढी रहेको यथार्थता माथि उल्लेखित तथ्यांकहरुले छर्लग पारेकै छन् । यस्ता यर्थाथबाट टाढा रही विना कुनै

तथ्य र तथ्यांकको आधारमा गरिएका कुनै पनि अध्ययनरुपी प्रक्षेपणले आम जनमानसमा भ्रम मात्र श्रृजना गर्ने हुन्छ । यसर्थ  श्री ५ को सरकार यस्ता तथ्य र आधारहिन प्रतिवेदन वा समाचारका आधारमा कुनै पनि किसिमको भ्रममा नपरी सदा झैं आ–आफ्नो दैनिक कारोवार र क्रियाकलापहरुमा आफूलाई समर्पित गरिरहन सम्वन्धित सवैमा भ्रम निवारण सहित स्पष्ट गर्न चाहन्छ । कसैको दुरुच्क्षा अनुसार अर्थतन्त्र टाट पल्टिने स्थितिमा पुगोस भन्ने भएता पनि मुलुक कुनै आर्थिक संकटतिर गईरहेको छैन तथा कुनै पनि हालतमा टाट पल्टने अवस्थामा नभएको व्यहोरा सर्वसाधारणलाई विश्वस्त पार्दै यस्तो आधारहिन सन्सनी फैल्याउने भ्रामात्मक समाचारलाई वेवास्ता गर्न पनि सवैमा आग्रह गरिन्छ ।

२०६२ माघ २४ गते

# आर्थिक स्थिति मजबूत रहेका दृष्टान्तहरु

१. चालू आर्थिक वर्षको प्रथम छ महिनामा राजश्व असूली रु ३१ अरब ५८ करोड ४९ लाख रहेको छ, जुन गत आ.ब.को सोही अवधिको असूली रु. २९ अर्व ८३ करोड ४८ लाखको तुलनामा रु. १ अरब ७५ करोडले बढी छ।

२. चालू आ.ब.को हालसम्ममा भारतीय अन्तशुल्क फिर्ता बापत कुनै रकम प्राप्त भै सकेको छैन। यो रकम प्राप्त हुदाका वखत राजश्व असुलीको स्थिति अझ बढी राम्रो देखिने अवस्था छ। चालू आ.ब.मा यस्तो रकम रु. २ अर्ब ३२ करोड प्राप्त हुने लक्ष्य राखिएको छ।

३. यसैगरी चालू आ.ब.को हालसम्ममा (माघ १४ गते ) नेपाल राष्ट्र बैंकबाट रु ४७ अर्व ८६ करोड ३७ लाख निकाषा भै गएको छ। यसरी निकास भएको मध्ये रु ४० अर्व ३० करोड ४३ लाख भुक्तानी भएको छ, जुन गत आ.ब.को सोही अवधिको तुलनामा औषतमा १३ प्रतिशतले बढि छ।

४. यसै अवधिमा बैदेशिक सहयोग तर्फ रु. ७ अर्ब ८८ करोड ६४ लाख प्राप्त भएको छ। जबकी गत आ.ब.को सोही अवधिमा प्राप्त हुन आएको बैदेशिक सहायता रु ४ अर्व ९३ करोड ११ लाख को तुलनामा चालु आ.ब.को हालसम्ममा रु २ अर्ब ९५ करोड ५३ लाख बढी बैदेशिक सहायता प्राप्त भएको कुरा नेपाल राष्ट्र बैंक को तथ्यांकमा उल्लेखित छ।

५. नेपाल राष्ट्र बैंक संग भारतीय मुद्राको संचिति स्वाभाविक स्थितिमा रहेको छ र भारतीय रिजर्भ बैंकबाट नेपाल राष्ट्र बैंकले कुनै पनि ऋण प्राप्त नगरेको र लिनुपर्ने परिस्थिति समेत रहेको छैन।

६. नेपाल राष्ट्र बैंकको प्रक्षेपण अनुसार बार्षिक औषत मुद्रास्फितिको दर ७ प्रतिशतमा मात्र सिमित रहने तथ्यांक सार्वजनिक भैसकेको छ।

७. हाल श्री ५ को सरकारको नगद संचिती रु. २ अर्ब ९३ करोड ७८ लाख रहेको छ। यसरी श्री ५ को सरकार सामान्य आम्दानी र खर्चको दृष्टिकोणले वचतको स्थितिमा रहेको छ।

साथै नेपाल राष्ट्र बैंकसंग रु. १ खर्ब ४६ अर्ब ११ करोड ५४ लाख वरावरको विदेशीमुद्रा संचिती रहेकोछ । जसले करिब १० महिनाको पैठारीलाई थाम्न सक्नेछ ।

८. चालू आ.ब.को हालसम्मको अवधिमा श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसंग रु. ३ अर्ब १३ करोड ५० लाख आन्तरिक ऋण लिएको छ, जबकि चालू आ.ब.को श्रावण १ गते जारी भएको आर्थिक अध्यादेशले रु. ११ अर्ब ८५ करोड बरावरको आन्तरिक ऋण प्राप्त गर्न सक्ने प्रावधान रहेकोमा आन्तरिक ऋण उठाउन प्रशस्त बांकी रहेकोले नगदको अभाव हुने अर्थात टाट पल्टने जस्ता कुरा सबैभन्दा खराव परिस्थितिमा पनि कल्पनासम्म गर्न सक्ने स्थिति देखिदैन । यसरी श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट हालसम्म अत्यन्त न्यून मात्र आन्तरिक ऋण लिएबाट पनि मुलुकको आर्थिक स्थिति स्वाभाविक रहेको कुरा सामान्य भन्दा सामान्य अर्थशास्त्रको दृष्टिकोणबाट पनि प्रमाणित हुन्छ ।

९. रेमिटयान्स प्राप्तिको वर्तमान र भविष्यको स्थिति पूर्णत सकारात्मक देखिएको छ । भारत, श्रीलंका, बंगलादेश र फिलिपिन्स जस्ता मुलुकहरुको उदाहरण लिदा ती मुलुकहरुको राष्ट्र निर्माणमा रेमिटयान्सले उल्लेख्य योगदान पुऱ्याएको छ र यस कुरालाई ती मुलुकहरुले गर्वको विषयका रुपमा लिएबाट नेपाली युवाले प्राप्त गरेको बैदेशिक रोजगारीको अवसरलाई खराव मान्न सकिदैन ।

१०. प्रतिव्यक्ति आय घटेको छैन तथा गरिबी घटेको छ ।

११. भारतीय वजारमा देखापरेको मुल्य बृद्धि, विशेषगरी पेट्रोलियम पदार्थको मुल्यले नेपालमा मुल्य बृद्धि भएको कुरा नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको छ । यस्तो मुल्य बृद्धि श्री ५ को सरकारले प्रक्षेपण गरेकै सिमा भित्र रहेको छ ।